# चौतारा साँगाचोकगढी नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
## शिक्षा, युवा तथा खेलकुद शाखा
### चौतारा, सिन्धुपाल्चोक

पत्र संख्याः ०७९/०८०
चलानी नम्बर : ३६३

वागमती प्रदेश, नेपाल

सूचना प्रकाशित मिति २०८०/०१/१२

**विषय : विषयविज्ञको सूचीको लागि दरखास्त आव्हान गरिएको सूचना ।**

प्रस्तुत विषयमा शिक्षा नियमावली २०५९ (संशोधनसहित) को नियम ९६ (क) को खण्ड (ग) को प्रयोजनको लागि विशेषज्ञ सूची अद्यावधिक गर्न आवश्यक भएकोले यस नगरपालिकाका लागि तपशिलमा उल्लेखित मापदण्डमा रही तोकिएको शैक्षिक योग्यता पूरा गरी सम्बन्धित कार्य क्षेत्रमा अनुभव प्राप्त गरेका नगरपालिका अन्तर्गतका सामुदायिक विद्यालयमा अध्यापनरत इच्छुक शिक्षकहरुले सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्रमा विशेषज्ञ पदको दरखास्त दिन नगर शिक्षा समितिको मिति २०८०/०१/०८ गतेको निर्णयानुसार सम्बन्धित सरोकारवाला सबैमा यो सूचना प्रकाशित गरिएको व्यहोरा अनुरोध छ ।

**तपशिल**

दरखास्तको लागि पूरा हुनुपर्ने मापदण्डहरु

१) आधारभूत तह (कक्षा १-८) को विशेषज्ञको लागि सम्बन्धित तहमा स्थायी नियुक्ति लिई ५ वर्षको कार्य अनुभव पूरा गरी शिक्षाशास्त्र संकायबाट कम्तिमा स्नातक तह वा सो सरह उत्तिर्ण गरेको ।

२) माध्यमिक तह (कक्षा ९-१२) को विशेषज्ञको लागि सम्बन्धित तह र विषयमा स्थायी वा अस्थायी नियुक्ति लिई ५ वर्षको कार्य अनुभव पूरा गरी शिक्षाशास्त्र संकायबाट कम्तिमा स्नातकोत्तर तह वा सो सरह उत्तिर्ण गरेको ।

३) प्राविधिकधारतर्फ सञ्चालित विद्यालयका प्रशिक्षक तथा सहायक प्रशिक्षकको हकमा विशेषज्ञका लागि १ (एक) वर्षको सेवासँग सम्बन्धित क्षेत्रमा कार्य अनुभव वा शिक्षण कार्य गरेको र प्राविधिक विषयमा (वाली विज्ञान, पशुविज्ञान र कम्प्युटर विज्ञान आदि) स्नातकोत्तर तह उत्तिर्ण गरेको ।

४) दरखास्त पेश गर्दा भर्नुपर्ने फाराम यस शाखाबाट प्राप्त गर्न सकिनेछ ।

५) सूचीकृत हुन लाग्ने शुल्क आधारभूत तहका लागि ५०० (पाँच सय) मावि तहका लागि रु. १००० (एक हजार)

२०८०/१/१२

राम बहादुर के.सी.
प्रमुख प्रशासकीय अधिकृत

☎ ९८४७८३७४७नगर शिक्षाअधिकृत ☎ ९८४१३४०९७७, ०११६२०४५३ कार्यालय सम्पर्क
csmpeducation@gmail.com